सङ्केताङ्क नं.(Symbol No.): .....मिति: २०८३-०६-२० १०:००बजे

प्याब्सन काठमाडौं
मध्य त्रैमासिक परीक्षा-२०८३

कक्षा: १० पूर्णाङ्क: ७५

विषय: सामाजिक अध्ययन समय: ३ घण्टा

दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :

सबै प्रश्न अनिवार्य छन् ।

समूह- "क"

तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् : (११×१=११)

१. पहिचान किन महत्वपूर्ण छ ? एक वाक्यमा लेख्नुहोस् ।
२. स्थानिय विकासको लागि संङ्घीय शासन प्रणाली किन महत्वपूर्ण छ ? एक वाक्यमा लेख्नुहोस् ।
३. प्रथा जनित अन्धविश्यास भनेको के हो ? एक उदाहरण सहित स्पष्ट पार्नुहोस् ।
४. सामाजिक समस्या विरुद्ध जनचेतना जगाउने एउटा नारा लेख्नुहोस् ।
५. दोस्रो जनआन्दोलनका कुनै दुई उपलब्धिहरू उल्लेख गर्नुहोस् ।
६. प्रथम विश्वयुद्ध हुनुमा तपाईं कुन कारण वढी जिम्मेवार ठान्नुहुन्छ ? आफ्नो तर्क एक वाक्यमा लेख्नुहोस् ।
७. स्वरोजगारी भनेको के हो ? यो किन महत्वपूर्ण छ ?
८. 'सहकारीले ग्रामिण गरिवी उन्मूलनमा सहयोग गर्दछ' यस भनाईलाई आफ्नो तर्क सहित पुष्टि गर्नुहोस् ।
९. नेपालले असंलग्न आन्दोलनमा प्रतिवद्धता जनाउनुको कारण के होला ? आफ्नो विचार एक वुँदामा लेख्नुहोस् ।
१०. विश्वव्यापीकरणले तपाईंको समाजमा पारेका दुई प्रभावहरुको सूची वनाउनुहोस् ।
११. जनसंङ्ख्याको संरचनाले वातावरणमा कसरी प्रभाव पार्दछ ? एक उदाहरण सहित प्रष्ट पार्नुहोस् ।

समूह- "ख"

(ख) तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् : (९×४=३६)

१२. 'नेपालको जातीय, भाषिक र सांस्कृतिक विवधिता अभिशाप होइन, अवसर हो' यस भनाइलाई पुष्टि गर्ने कुनै चार वटा तर्क प्रस्तुत गर्नुहोस् ।
१३. सङ्घीय शासन व्यवस्थाका विशेषताहरू चार वुँदामा उल्लेख गर्नुहोस् ।
१४. कुनै एक राष्ट्रिय दिवसलाई भव्य र सभ्य रुपमा मनाउनका लागि तपाईंको विद्यालयमा गरिने कार्यक्रमको छोटो रुपरेखा तयार गर्नुहोस् ।

मिति: २०८३-०६-२० १०:००बजे

१५. लोकबाजा, लोकनृत्य र लोकगीतको क्षेत्रमा युवा पुस्तालाई आकर्षित गर्न के कस्ता कार्य गर्नुपर्ला ? चार बुँदामा प्रष्ट पार्नुहोस् ।

अथवा

हाम्रा ऐतिहासिक र सांस्कृतिक सम्पदा संरक्षणमा स्थानीय तहले के कस्ता भूमिका खेल्नुपर्ला ? चार बुँदामा आफ्नो सुझाव प्रस्तुत गर्नुहोस् ।

१६. सामाजिक समस्या भनेको के हो ? यसले कसरी समाजको विकासमा बाधा पुऱ्याउँछ ? प्रष्ट पार्नुहोस् ।

१७. न्यायपालिका राज्यको एक महत्वपूर्ण अङ्ग हो । यसलाई स्वतन्त्र र निष्पक्ष राख्न के गर्नुपर्ला ? आफ्नो धारणा चार बुँदामा व्यक्त गर्नुहोस् ।

१८. भू–मध्य रेखिय हावापानीको क्षेत्र र उष्ण मौसमी हावापानीको क्षेत्रबिच हावापानी, वन्यजन्तु र जनजीवनको तुलना गर्नुहोस् ।

१९. 'विश्वव्यापीकरणका सकारात्मक र नकारात्मक पक्षहरु' शीर्षकमा एक दैनिक पत्रिकामा प्रकाशनार्थ सम्पादकीय नमूना तयार पार्नुहोस् ।

२०. जनसङ्ख्या वृद्धि र वातावरण प्रदुषण बिचको सम्बन्ध संक्षेपमा व्याख्या गर्नुहोस् ।

समूह- "ग"

तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् : (४×७=२८)

२१. राजनीतिक दल भनेको के हो ? नेपालमा लोकतन्त्रको स्थापना र सुदृढीकरणमा राजनीतिक दलहरूले खेलेको भूमिकाको मुल्याङ्कन गर्नुहोस् । (४+३)

२२. पृष्ठ भरिने गरी नेपालको नक्सा बनाई उपर्युक्त सङ्केत प्रयोग गरी निम्न तथ्यहरू भर्नुहोस् । (३+४=७)

क) तिलिचो ताल
ख) जुट उत्पादन क्षेत्र
ग) शैलेश्वरी मन्दिर
घ) सिद्धार्थ राजमार्ग

अथवा

दक्षिण अमेरिकाको नक्सा बनाई उपर्युक्त सङ्केत सहित निम्न तथ्यहरु भर्नुहोस् :

क) अमेजन नदी
ख) एन्डिज पर्वत
ग) टिटिकाका ताल
घ) उरुग्वे

दृष्टिविहिनका लागि मात्र

दक्षिण अमेरीका महादेशको आर्थिक र सामाजिक अवस्थाको संक्षेपमा व्याख्या गर्नुहोस् ।

२३. पहिलो जनआन्दोलन कहिले सुरु भयो र कहिले अन्त्य भयो ? यसका मुख्य कारणहरू र परिणामहरूको संक्षेपमा चर्चा गर्नुहोस् । (७)

२४. 'वैदेशीक रोजगारीको महत्व र चुनौती' शीर्षकमा एक लेखको नमूना तयार गर्नुहोस् । (७)